घोडाघोडी स्थानीय राजपत्र
घोडाघोडी नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशीत
सुखड, कैलाली सुदुरपश्चिमप्रदेश, नेपाल

भाग २ वर्ष७ अंक ५३ २०८०फागुन २२ गते, मंगलबार

**प्रस्तावना**ःयस घोडाघोडी नगरपालिकाबाट प्रदान गरिने आर्थिक कारोवार तथा सहायता लाई छिटो,छरितो,मितव्ययी,पारदर्शी एंव प्रभावकारी रुपमा प्रवाह गर्न र सहायता प्रदान गर्दा गराउदा अनुशासित,जवाफदेही,उत्तरदायी बनाई आर्थिक कारोवार तथा सहायतालाई प्रभावकारी वनाउन वाञ्छनीय भएकोले,स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम घोडाघोडी नगरपालिकाले**"आर्थिक सहायता मापदण्ड सम्वन्धी कार्यविधि २०८०"** वनाएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "घोडाघोडी नगरपालिका आर्थिक सहायता मापदण्ड सम्वन्धी कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्छ।

ख) "नगरपालिका" भन्नाले घोडाघोडी नगरपालिका सम्झनुपर्दछ।

ग) "नगरकार्यपालिका" भन्नाले घोडाघोडी नगरकार्यपालिका सम्झनु पर्दछ।

घ) "नगर प्रमुख" भन्नाले यस नगरपालिकाको नगर प्रमुख लाई सम्झनु पर्दछ।

ङ) " नगर उपप्रमुख" भन्नाले यस नगरपालिकाको नगर उप प्रमुखलाई सम्झनु पर्दछ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

छ) "कार्यालय" भन्नाले घोडाघोडी नगरपालिका, नगर कार्यपालिकाकोकार्यालय सम्झनुपर्दछ र सोशब्दले नगरपालिकाको मातहतमा रहेको वडा कार्यालयलाई समेत जनाउदछ।

ज) "आर्थिक सहायता" भन्नाले यस कार्यविधी वमोजिम उपलव्ध गराईने आर्थिक सहायता सम्झनु पर्दछ।

झ) "वडा समिति" भन्नाले यस घोडाघोडी नगरपालिकाका १२ वटै वडाका वडा समितिहरु लाई सम्झनु पर्दछ।

घोडाघोडी नगरपालिका स्थानीय राजपत्र

## परिच्छेद–२

## आर्थिक सहायता सम्वन्धी मापदण्ड

३. **<u>आर्थिक सहायताको लक्षित वर्ग तथा क्षेत्रहरुः</u>** (१) आर्थिक रुपमा अति विपन्न गरिव,असहाय,लोपोन्मुख व्यक्ति वा परिवार।

(२) नगरपालिका क्षेत्र भित्रका नागरिकहरुको वृत्ती विकास वा उन्नतीको लागी गैर नाफा मुलक किसिमले संञ्चालन गरिने सामाजिक क्रियाकलापहरुमा संलग्न सामुदायिक समुह,संघ,सस्थातथा संगठनहरु।

(३) प्राकृतिक र गैर प्राकृतिक प्रकोप तथा विपदमा परेका व्यक्ति वा परिवार।

(४) दिर्घरोग तथा अन्यकडा रोग लागेर उपचार गर्न नसक्ने  व्यक्तीहरु।

(५) उपदफा (१),(२),(३) र (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिकाको वैठकले कसैलाई आर्थिक सहायता दिन  मनासिव ठानेमा  निर्णय वमोजिम तोकिएका व्यक्ति वा परिवार।

४. **<u>आर्थिक सहायता वितरण प्रकृयाः</u>** (१)  आर्थिक सहायता पाउन योग्य लक्षित बर्ग,समुह वा संगठनले सम्वन्धी वडा कार्यालयको सिफारिसमा अनुसूची १ को ढाँचामा सो सहायता पाउनुपर्ने आधार,प्रमाण र कारण खुलाई नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) आर्थिक सहायता र सो प्रकृया देहाय वमोजिम हुनेछ।

(क)आर्थिक सहायता उपलब्ध गराउनु परेमा अवस्था हेरी अधिकतम रू. १००००(रू. दश हजार) सम्मको आर्थिक सहायता नगर प्रमुखले उपलव्ध गराउन सक्नेछ।

(ख)रू. १००००( रू. दश हजार) भन्दा माथीको आर्थिक सहायता उपलब्ध गराउनु परेमा कार्यपालिकाको निर्णय अनुसार हुने।

(३)  आर्थिक सहायता रकम चेक मार्फत उपलव्ध गराउनु पर्नेछ र संघ संगठनहरुको हकमा Ac pay  गरेको हुनु पर्नेछ।

५. **<u>आर्थिक सहायता वितरणका पुर्व शर्तः</u>** (१)कार्यविधी वमोजिम आर्थिक सहायता उपलव्ध हुने सामुदायिक संघ संस्था वा संगठनको लागि देहायका पुर्व शर्तहरु पुरा गरेको हुनु पर्नेछ।

(क)नेपाल सरकारको कुनै निकायमा विधि पुर्वक दर्ता भएको वा नगरपालिका भित्र स्थापना भएको संगठित  संघ,संस्था वा समुहको हकमा नियमानुसार यस नगरपालिकामा दर्ता भएको।

(ख) नगरपालिकालाई तिर्नु पर्ने कर,महशुल,सेवा शुल्क आदि तिरेको हुनु पर्ने।

(ग) वार्षिक लेखापरीक्षणको व्यवस्था भै आधिकारीक निकायबाट सो अनुसारको लेखापरीक्षण गरेको।

घोराही नगरपालिका स्थानीय राजपत्र

(घ) यस कार्यविधिले तोकिदिएको मापदण्ड पुरा भै  नगरपालिकामा वेरुजु नभएको।

(२) कार्यविधि वमोजिम आर्थिक सहायता उपलब्ध हुने व्यक्तिहरुको लागि देहायका पुर्वशर्तहरु पुरा गरेको हुनु पर्नेछ।

(क)नागरिकताको प्रतिलिपि वा परिचय खुल्ने कागजात ।

(ख)उपचारको हकमा चेकजाच गरेको कागजात ।

(ग) प्राकृतिक प्रकोप तथा विपदको हकमा घटना देखिने फोटो,प्रहरी सर्जमिन मुचुल्का समेत ।

(घ) वडा कार्यालयको सिफारिस ।

६. **मापदण्डः** नगरपालिकाले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय वमोजिम हुनेछ।

**(१) दुर्घटना सहयोगः**

नगरवासि कुनै ठुलो दुर्घटनामा परि अंगभंग हुन गई तत्काल उपचार गराउनु पर्ने अवस्था भएमा वा मृत्यु भएमा परिवारको आर्थिक विपन्नताका आधारमा आर्थिक सहायता गर्नु पर्ने देखिएमा १ हजार देखि अधिकतम १ लाख सम्मको सहायता उपलव्ध गराउन सकिनेछ।

**(२) उपचार तथा दिर्घरोगमा सहयोगः**

गरिवि र विपन्नता कारण पारिवारिक आर्थिक स्रोतलेदीर्घरोगलगायत अन्य कडा रोगको उपचार गराउन नसकी समस्यामा परेको व्यक्तीलाई अवस्था हेरी रु. ५ हजार देखि ५० हजार सम्म उपलब्ध गराउन सकिनेछ।

**(३) जनप्रतिनिधी एंव कर्मचारीहरुलाई औषधी उपचार**

यस नगरपालिकाका जनप्रतिनिधी एंव कार्यरत कर्मचारीहरु कुनै दुर्घटना वा जटिल प्रकृतीको कुनै रोग लागि अस्पताल भर्ना भई उपचार गराईरहेको अवस्थामा उपचार संग  सम्वन्धीत कागजातका आधारमा कार्यपालिकाको निर्णय गरि वढिमा खर्च रकमको ७५ % सम्म वा ५ लाख मध्ये जुन कम हुन्छ सो रकमउपचार खर्च उपलव्ध गराउन सकिने छ।यसका लागि वार्षिक बजेटमा तोकिए वमोजिमकोरकमवाट कोषको व्यवस्थापन गरिनेछ।

**(४) असहाय सहयोगः**

यस नगरपालिकामा वसोवास गर्ने कुनै व्यक्तिको एकाघरको परिवार,सहोदर नातालाग्ने व्यक्ति र कुनै पनि प्रकारका आफन्तजन नभई वेवारिसे अवस्थामा रहेको र अन्यको आश्रय लिनु परेको,कुनै पनि प्रकारको सामाजिक सुरक्षा भत्ता नपाउने गरेको साथै आर्थिक उपार्जन तथा काम गरि खान नसक्ने अवस्थामा भएको नावालक नावालीका तथा नगरवासिले सहयोग माग गरेमा वडाको सिफारिस सहित औचित्य पुष्टिका आधारमा त्यस्ता असहायलाई बढिमा रु.५ देखि २० हजार  सम्म सहायता दिन सकिनेछ।

**(५) संघ संगठन सहयोगः**

यस नगरपालिकामा दर्ता,सुचीकृत र नगरपालिकाको हितमा काम गर्ने व्यक्ति, संघ-संस्था,संगठनले आयोजना गरेका सामाजिक कार्यहरुमा (जनचेतना, प्रचारप्रसार, सरसफाई, सडक नाटक,खेलकुद,सामाजिक सास्कृतीक कार्यक्रम ) नगरपालिकाबाट देहाय वमोजिम आर्थिक सहायता प्रदान गरि सहकार्य गरिनेछ। उक्त कार्यक्रमले नगरको पर्यटन प्रवर्द्धन र विकास लगायतका क्षेत्रमा सकारात्मक प्रभाव पार्ने हुनु पर्नेछ। तर संघ संस्थाको नियमित कार्यमा सहयोग प्रदान हुने छैन।

क) वडा भित्र आयोजना गरेको कार्यक्रमको औचित्यताका आधारमा अधिकतम रु. २० हजार सम्म।

ख) नगरस्तरमा आयोजना गरेको कार्यक्रमको औचित्यताका आधारमा अधिकतम रु. ३० हजार सम्म।

**(६) पत्र,पत्रिका,क्यालेण्डर,पुस्तक छपाई तथा प्रकाशन सहयोग मापदण्डः**

क) नगरपालिका क्षेत्र भित्रको कुनै पनि विषयमा डकुमेन्ट्री (अडियो, भिडियो, फोटोग्राफी,रेडीयो,टिभि,इन्टरभ्यु वा वहस लगायत) बनाई आर्थिक सहयोग लागि पेश गरेमा औचित्य पुष्टिका आधारमा वढिमा रु. २०००० (अक्षेरेपि विस हजार मात्र) र सो भन्दा वढि भए नगर कार्यपालिकाको निर्णय वमोजिम हुने।

ख) पत्र,पत्रिका,पुस्तक,अनलाईन मिडिया तथा क्यालेण्डरमा जनचेतनामुलक सन्देश छपाईको औचित्यताका आधारमा(सम्झौता र विलमा जुनसुकै कुरा लेखिएको भएता पनि) वढिमा रु.३००० (तिन हजार मात्र) सम्म प्रदान गर्न सकिने छ।

**(७) खेलकुदमा सहभागी हुनेलाई सहयोगः**

क) अन्तराष्ट्रिय स्तरको खेलमा सहभागि हुन जाने नगरवासी प्रत्येक खेलाडीलाई रु. १००००० सम्म प्रोत्साहन स्वरुप उपलव्ध गराउन सकिनेछ।

ख) राष्ट्रिय स्तरको खेलमा सहभागि हुन जानेनगरवासी प्रत्येक टिम/व्यक्तिलाई रु. ५००००/१०००० सम्म प्रोत्साहन स्वरुप उपलव्ध गराउन सकिनेछ।

ग) प्रदेश स्तरको खेलमा सहभागि हुन जाने नगरस्तरीय प्रत्येक टिम लाई रु. ३०००० सम्म प्रोत्साहन उपलव्ध गराउन सकिनेछ।

घ) अन्तर स्थानीय तहमा संचालीत हुने खेलकुदमा सहभागी हुने टिम लाई रु. १०००० सम्म प्रोत्साहन उपलव्ध गराउन सकिनेछ।

ङ) नगरपालिकाको प्रतिनिधित्व गर्दै कुनै खेलकुदमा विजयी भई प्राप्त गरेको ट्रफि पालिका लाई हस्तान्तरण गरेको खण्डमा प्रथम,द्दितिय र तृतिय स्थान हासिल गरि प्राप्त गरेको ट्रफि वाफत क्रमसःरु. ३००००,२०००० र १०००० (रु.तिस हजार,विस हजार र दश हजार) एकमुष्ट प्रदान गर्न सकिनेछ।

(८) माथि उल्लिखित आर्थिक सहायता वाहेकको प्रकृति र अवस्था हेरी थप प्रोत्साहन आवश्यक पर्ने भएमा नगर कार्यपालिकाले निर्णय गरे वमोजिमको प्रोत्साहन रकम उपलव्ध गराउन सकिने छ।

७. **सहायता सम्वन्धी बजेट व्यवस्थाः (१)** दुर्घटना तथा विपद राहत-व्यवस्थापन सम्वन्धमा नगरपालिका वा वडा स्तरमा रहेको विपद व्यवस्थापन कोषवाट खर्च लेख्नु पर्नेछ।

घोडाघोडी नगरपालिका स्थानीय राजपत्र

(२) जटील-कडा किसिमका रोगहरु तथा दीर्घरोगको सम्वन्धमा नगरपालिकाको स्वास्थ्य राहत कोष बाट खर्च लेख्नुपर्नेछ ।

(३) संघ संस्था तथा संगठनहरुले गर्ने कार्यक्रमहरुमा सहयोग प्रदान गर्न सके सम्म सम्वन्धीत विषय क्षेत्रमा विनियोजित बजेट तथा कार्यक्रमबाटै खर्च लेख्नु पर्नेछ।

(४) नगरपालिकाबाट सहयोग साझेदारी गर्नु पर्ने कार्यक्रममा नगरपालिकाको बिनियोजिय बजेटबाट गर्ने र त्यसरी कार्यक्रम सहयोग गर्दा सम्झौता समझदारी पत्रमा हस्ताक्षर गरि सोका शर्तहरु वमोजिम गर्नु पर्नेछ।

## परिच्छेद –३

## विविध

८. **प्रतिवेदन पेश गर्नु पर्ने:** यस नगर कार्यपालिकाको कार्यालयवाट बार्षिक रुपमा वितरण भएका आर्थिक सहायताहरुको एकमुष्ट विवरण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकाको वैठकमा पेश गरि स्विकृत गराउनु पर्नेछ।

९. **प्राप्त आर्थिक सहायता तोकिएको प्रयोजनमा खर्च गर्नुपर्ने:** यस नगरपालिकावाट जुन प्रयोजनका लागि जे जति रकम आर्थिक सहायताका रुपमा प्राप्त गरेको हो सोहि प्रयोजनका लागि खर्च गरेको हुनु पर्नेछ। यदि दुरुपयोग गरेको पाईएमा सरकारी बाकी सरह असुल उपर गरिनेछ।

१०. **वाधा अडकाउ फुकाउने:** यस कार्यविधीको कार्यान्वयनमा कुनै वाधा अडकाउ आईपरेमा यसको वाधा अडकाउ फुकाउने अधिकार नगर कार्यपालिकामा रहनेछ।

११. **यसै कार्यविधि वमोजिम भए गरेको मानिने:** यस अघि यस नगरपालिका वाट प्रदान गरिएका आर्थिक सहायता समेत यसै कार्यविधि वमोजिम भएको मानिनेछ।

१२. **कार्यविधि संशोधन:** यस कार्यविधिको संशोधन नगर कार्यपालिकाले गर्नेछ।

घोडाघोडी नगरपालिका स्थानीय राजपत्र

## अनुसूची-१

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,                                        मिति
घोडाघोडी नगरपालिका नगरकार्यपालिकाको कार्यालय,
सुखड,कैलाली ।

विषयः आर्थिक सहायता उपलव्ध गराई पाउँ।

महोदय,

प्रस्तुत विषयमा................................................ स्थाई ठेगाना भएको मलाई .................................।गर्नुपर्ने भएकोले सो का लागि मेरो आर्थिक अवस्था अत्यन्तै कमजोर रहेकोले..........................। का लागि रु....................(अक्षरुपी रु.........................) उपलव्ध गराई दिनु हुन तपशिलको प्रमाण कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु।

साथै मेरो यस नगरपालिकासंग सम्वन्धित तिर्नु बुझाउनु वा फर्छौट गर्नु पर्ने कर, महशुल,बक्यौता पेश्की बेरुजु बाकी नरहेको जानकारी गराउदै प्राप्त सहयोग रकम जुन प्रयोजनका लागि प्राइत गरेको हो सोही प्रयोजनका लागि खर्च गर्ने र सो नगरेको पाईएमा जुनसुकै कारवाही, सजाय वा जरिवाना सहन,भोग्न वा तिर्न बुझाउन सहमत णएको व्यहोरा समेत अनुरोध छ।

**भवदीय**

दस्तखतः

नाम,थर

स्थायी ठेगाना

सम्पर्क न.

**तपशिलः**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी १  थान ।
२. संगठित संस्थाको हकमा दर्ता तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपि १ थान।
३. सम्वन्धीत वडा कार्यालयको आर्थिक सहायता उपलव्ध गराउनु पर्ने कारण,आधार र प्रमाण समेत खूलेको सिफारिस पत्र।

घोडाघोडी नगरपालिका स्थानीय राजपत्र

## अनुसुची-२

प्रतिवेदनको ढाचा

| क्र.स. | सहायता पाउने व्यक्ती वा संस्था | ठेगाना | सम्पर्क न. | सहायता लिएको रकम | प्रयोजन | संस्थाको हकमा भए सो संस्थाको प्रमुख व्यक्ति र सम्पर्क न. |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |

आज्ञाले
शिव सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी नगरपालिका स्थानीय राजपत्र